परिवर्तनका लागि एक नयाँ आवाज
# टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक

वर्ष : २ / अंक : १४० / पृष्ठ ४ / २०८० कार्तीक १३ गते, सोमबार / 30 Oct., 2023 / मूल्य रु. ५/-



**विदेश जाने योजना त्यागेर अभिनाश बने 'कलकतियावाली'**

» समाचार पृष्ठ ३ मा

हामीलाई www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।

## महोत्तरीमा तीन हजार सवारी कारबाहीमा



• टक नेपाल

बर्दीबास। बर्दीबासस्थित जिल्ला ट्राफिकले चाडपर्वलक्षित सुरक्षा अभियान सञ्चालन गरेको छ। यस क्रममा ट्राफिक कार्यालयले यात्रुको सर्वाधिक चाप हुने बर्दीबास, गौशाला रोड तथा जलेश्वरमा यात्रु सहायता कक्ष स्थापना गरी सेवा दिँदै आएको छ। अभियान अन्तर्गत सवारी नियम उल्लङ्घन गर्ने दुई हजार ९४४ सवारीमाथि कारबाही गरी २४ लाख ७५ हजार रुपैयाँ राजस्व असुल गरेको जिल्ला ट्राफिक बर्दीबासले जनाएको छ।

यात्रु सहायता कक्षमा सेवाग्राहीका बढ्दो गुनासो र परामर्शले सवारी नियमन गर्न सहज र प्रभावकारी भएको ट्राफिकको भनाइ छ। यात्रुको गुनासोका आधारमा तोकिएभन्दा बढी भाडा लिने काठमाडौँबाट फर्केका पाँच थान सवारीलाई कारबाही गरिएको बर्दीबासस्थित जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रमुख रामभक्त भट्टराईले जनाउनुभयो। बिपी राजमार्गमा आकस्मिक चेकजाँच गर्दा काठमाडौँबाट बर्दीबास आउने यात्रुसँग हजार रुपियाँको ठाउँमा एक हजार चार सय रुपियाँ लिएको र काठमाडौँ-सिराहाको भाडा एक हजार तीन सय रुपियाँ लिनुपर्नेमा दुई हजार तीन सय रुपियाँ उठाएको खुल्न आएपछि त्यस्ता पाँच थान सवारीमाथि कारबाही गरिएको उहाँले बताउनुभयो। चाडपर्वका बेला विश्वसनीय सेवासुविधा र सहुलियत प्रदान गर्न ट्राफिक कार्यालयले सवारी चालकदेखि यात्रुसम्मलाई समेटेर सचेतना कार्यक्रम सञ्चालन गर्दै आएको छ। फेरि पनि विवशता र समस्यामा परेका यात्रुहरूलाई काबुमा पारेर दुःख दिने, बढी भाडा असुल्ने जस्ता हर्कत गर्ने कसवारीमाथि कारबाही गरिएको उहाँले जनाउनुभयो। “आकस्मिक चेकजाँचका क्रममा यस्ता समस्या र घटना पूर्वपश्चिम लोकमार्गको तुलनामा बिपी राजमार्गमा बढी पाइएको छ,” भट्टराईले भन्नुभयो।

## नेपाल-भारत सीमा नाकामा कडाइ गरिने

• टक नेपाल

वीरगञ्ज। नेपाल-भारत सुरक्षा अधिकारीको संयुक्त बैठकले सिमावर्ती नाकाबाट हुने अवैध निकासीपैठारी नियन्त्रणका लागि कडाइ गर्ने निर्णय गरेको छ। पर्साको वीरगञ्जमा बसेको नेपाल तथा भारतका सुरक्षा अधिकारीको संयुक्त बैठकले सिमा नाकाबाट हुने अवैध निकासीपैठारी नियन्त्रण गर्न कडाइ गर्ने, लागुऔषध ओसारपसारलाई न्यूनीकरण गर्ने, चेलीबेटी बेचबिखन, अवैध हतियारको ओसारपसारलाई न्यूनीकरण गर्ने र आपराधिक घटना हुन नदिने निर्णय भएको पर्साका प्रमुख जिल्ला अधिकारी हीरालाल रेग्मीले जानकारी दिए। यस्तै बैठकमा सिमानाकाबाट हुने अवैध वन्यजन्तुको चोरी सिकारी तथा तस्करीलाई नियन्त्रण गर्न दुवै देशका सुरक्षा अधिकारीबीच समझदारी भएको प्रजिअ रेग्मीले बताए। भारतमा हुने आगामी लोकसभा निर्वाचनलाई मध्यनजर गरी सिमाक्षेत्रको सुरक्षा प्रबन्धलाई चुस्तदुरुस्त बनाउने र दुवै मुलुकका सुरक्षा अधिकारीबीच सहकार्य गरी सुरक्षा व्यवस्था प्रभावकारी बनाउने निर्णय भएको प्रजिअ रेग्मीको भनाइ छ। बैठकमा नेपालतर्फबाट पर्साका प्रजिअ रेग्मी र बिहारको पूर्वी चम्पारणका डिएम सौरभ जरुवालले नेतृत्व गरेका थिए।

## बोक्सी आरोपमा एक महिलामाथि निर्घात कुटपिट



• टक नेपाल

बर्दिबास । महोत्तरीमा एक महिलालाई बोक्सीको आरोपमा निर्घात कुटपिट गरिएको छ । बर्दिवास नगरपालिका वडा ९ पशुपतिनगर बस्ने ४५ वर्षीया नागे देवि यादवलाई (नाम परिवर्तण) बोक्सीको आरोपमा आफनै देबर विरेन्द्र यादवले नांगेभ्फार पार्दै निर्मम कुटपिट गरेका छन् । केही देन देखि छोरीको स्वास्थ्यमा समस्या आएका कारण र निको नभएको भन्दै शुक्रवार राति विरेन्द्र यादव, उनकी श्रीमती श्यामु देवि, छोरा अजय यादव, नागेश यादवले एक्कासी घरमा आएर मेरो आमालाई कुटपिट गरिएको छोराले बताए । उनका अनुसार मेरो काका बिरेन्द्र यादबको छोरी केही दिन देखि भाईरल ज्वरोका कारण घरमै बिरामी भएको छ। डाक्टर का अनुसार स्वास्थ्य अबस्था कमजोर भएको कारणले निको हुन केही समय लागन सक्ने भएकाले घरमै आराम गर्न डाक्टरले सल्लाह दिनुभएको थियो। पछि घर समान्य बिवाद भएपछि मेरो आमा माथी बोक्सीको आरोप लागाएर दिउँसो समान्य झगडा समेत भयो । घर नजिकै प्राथमिक स्वास्थ्य केन्द्र रहेको छ र त्यहाँ पनि स्वास्थ उपचारका लागि शुक्रबार लगिएको थियो । डाक्टरको भनाई अनुसार यो भाईरल ज्वरो हो यसका कुनै चिन्ता नलनु सबैलाई सुभ्फाव दिएका थिए । उपचारका लागि लगिएको स्थानमा मेरो काकीले भने,एक जनालाई भने, मेरो छोरीको ज्वरो निको भएन भने पकै घरकै बोक्सीले केही गरिदिएको हो भन्दै काकी श्यामु देबि यादबले गनथमन्थन गरिएको एक श्रोताले मलाई बताए। पछि हामीले यस विषयमा कुनै चासो देखाएन । रातीको समय पारेर पुनः एक्कासि मेरो घरमा आएर सबै परिवारलाई कुटपिट गरियो। मेरो आमालाई तँ बोक्सी हो, यदी मेरो छोरीलाई केही भयो भने तेरो खन्दानलाई जिउन्दै मारिदिन्छु भन्दै काका विरेन्द्र यादवले धम्की दिए । समाजमा बस्न तलाई कुनै अधिकार छैन । तेरो कारणले आज मेरो छोरी विरामी भएको निकै दिन भयो । तलाई अब बोक्सो भुत भ्फार्छु अनि मलमूत्र नखुवाई यो समाजमा म पनि बस्दीन भन्दै लछारपछार पार्दै काका विरेनद्र यादवले कुटपिट गरे मेरो आमालाई । निर्घात कुटपिटबाट घाइते भएकी नागे देवि यादवको नन्द जनकपुरस्थित जनकपुर प्रादेशिक अस्पतालमा उपचार भइरहेको छ । पिडित नागे देवि यादवको लछार पछार क्रममा टाउकोमा चोट लागेको छ र उनको उपचार गाउँकै स्वस्थ्य केन्द्रमा भईरको छ । यता घरमा समान्य विवाद भएको कारणले यति ठुलो ईसु बनाएको प्रति देबर बिरेन्द्र यादवले दुःखेसो पोखे । दिउसो भएको भ्फगडाको विषयमा साभ्फ बुभ्फन जादा एक्कासी गाली गलोज गरिएको उनले बताए । म कसै लाई बोक्सी भनेको छैन । मलाई यो समाजमा बदनाम गर्नका लागि अरोपित बनाईएको हो । म मेरो भाउजु लाई र कसैलाई पनि कुटपिट गरिएको छैन् । परिवारीक भ्फगडालाई लिएर बोक्सी जस्तो शब्द र कुंठित अरोप प्रति घोर आपति यादवले जनाए । प्रहरीले घटनाको विषयमा थप अनुसन्धान गरिरहेको ईलाका प्रहरी कार्यालय बर्दिवासले जनाए ।

आजको PDF अनलाईन पढ्नका लागि क्यूआर कोड स्क्यान गर्नुहोला ।

प्रो. राम किसुन चौधरी मो. ९८४४०५१२७७, ९८१५८७३१७७
श्री जयसी बाबा ग्याँस पसल
क्षीरेश्वरनाथ-५, महेन्द्रनगर, सखुवा रेड
एन.एल. र ग्याँस वानको अधिकृत बिक्रेता

यहाँ थोक तथा खुद्रा ग्याँस सिलीण्डरहरू पाईन्छ र राईस कुकर, कुकर, चुलो, रेगुलेटर, पाईप, लाईट मर्मत गर्नुको साथै सुपथ मूल्यमा पाईन्छ ।

सिटी केयर हस्पिटल
HEALTHCARE & DIAGNOSTIC CENTRE PVT. LTD.
सिन्धुली रोड, बर्दिबास (राष्ट्रिय वाणिज्य बैंकको उत्तर पट्टिको हरियो भवनमा)

हाम्रो सेवाहरु
NICU & ICU सेवा सहित
– २४ सै घण्टा इमरजेन्सी सेवा
– दैनिक ओपिडि सेवा (जेनरल मिडिसिन, स्त्रीरोग, बालरोग, जेनरल सर्जरी, छालारोग र थाईरेड)
– भिडियो एक्स-रे, डिजिटल एक्स-रे सेवा
– ल्याब सेवा
– अन्तरंग विभाग सेवा
होल बडी चेकअपमा २५% छुट
☎ 044-550527/9801050527/9801150527

परिवर्तनका लागि एक नयाँ आवाज
# टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक

## सम्पादकीय

# स्वास्थ्य बिमालाई गोटी नबनाइयोस्

स्वास्थ्य सेवा सबै नागरिकको नैसर्गिक अधिकार हो भन्ने सुनिश्चित गरी यस सेवालाई सर्वसुलभ बनाउनु राज्यको दायित्व हो। राज्यले एउटा समूहको पछि लागेर स्वास्थ्य सेवालाई सर्वसाधारण नागरिकले प्राप्त गर्नै नसक्ने गरी व्यापारको रुपमा अघि बढाउनु दुःखद हो। स्वास्थ्य सेवा सर्वसुलभ बनाउन चिकित्सा शिक्षालाई सरल र नागरिकको पहुँचमा बनाउनुको सट्टा चिकित्सा शिक्षा धनीमानीको कमाइ खाने भाँडोका रुपमा विस्तार गरेकै कारण आज सर्वसाधारण नागरिकले स्वास्थ्य सेवा किन्न नसक्ने गरी शुल्क निर्धारण गरिएको छ। यो अवस्थामा राज्यले लागू गरेको स्वास्थ्य बिमा नागरिकको स्वास्थ्योपचारका लागि ठूलो सहयोगको माध्यम बनेको कुरा बिर्सन सकिँदैन। तर अहिले स्वास्थ्य तथा जनसंख्यामन्त्री मोहनबहादुर बस्नेतका कारण स्वास्थ्य बिमा बोर्ड नै धराशयी भयो भन्दै एकै दिन पाँचजना बोर्डका सदस्यले सामूहिक राजीनामा दिएका छन्। देशको स्वास्थ्य सेवामा देखिएको यो ठूलो चुनौती हो। विगतका कार्यकारी निर्देशकलाई निलम्बन गर्दै आफ्नो अनुकूलको व्यक्तिलाई स्वास्थ्यमन्त्रीले बोर्डको कार्यकारी निर्देशक बनाएर पठाएलगत्तै गत मंगलबार बोर्डमा रहेका सम्पूर्ण सदस्यले सामूहिक राजीनामा दिनुले स्वास्थ्य बिमा धराशयी अवस्थामा पुगेको इंगित गरेको छ। स्वास्थ्यमन्त्रीसमक्ष सामूहिक राजीनामा पेस गरिएको पत्रमा बिमालाई स्वास्थ्यमन्त्री स्वयंले धराशयी बनाएको आरोप लगाइएको छ। सोमबार स्वास्थ्यमन्त्री बस्नेतले स्वास्थ्य बिमा बोर्डको निमित्त कार्यकारी निर्देशकमा डा. मदन उपाध्याय नियुक्त गरेको एकदिन नबित्दै पाँचजना सदस्यले स्वास्थ्यमन्त्री बस्नेतसमक्ष राजीनामा दिएका हुन्। सोमबार स्वास्थ्य मन्त्रालयको गुणस्तर मापन महाशाखाका प्रमुखको जिम्मेवारी सम्हाल्दै आउनुभएका डा. उपाध्यायलाई बिमा बोर्डको थप जिम्मेवारी दिँदै कार्यकारी निर्देशक नियुक्त गरिएको थियो। स्वास्थ्यमन्त्री बस्नेतकै सिफारिसमा सरकारले यही असोज २४ गते बोर्डका तत्कालीन कार्यकारी निर्देशक डा. दामोदर बसौलालाई निलम्बन गर्ने निर्णयप्रति बिमा बोर्डका सदस्यहरु असन्तुष्ट रहेकै कारण राजीनामा दिएका छन्। स्वास्थ्यमन्त्रीको चलखेलबाट बिमालाई धराशयी बनाएको र कामै गर्न नसकिने अवस्था सृजना भएको भन्दै स्वास्थ्य बिमा बोर्डका पाँचजना सदस्यले सामूहिक राजीनामा दिनु आम नागरिकका लागि दुःखद विषय हो। नेतृत्वमा रहने व्यक्तिले देश र नागरिकको हितमा काम गर्नुपर्नेमा व्यक्तिगत लाभ र समूहगत व्यवसायका रुपमा जनस्वास्थ्यलाई हेर्दा यो समस्या आएको हो। यस्ता निर्णय गर्नुअघि सरकारले गम्भीर भएर सोच्ने र विषय विज्ञहरुसँग सरसल्लाह, परामर्श लिई नागरिकको पक्षमा निर्णय लिनु बुद्धिमानी हुने थियो। मन्त्री बस्नेतले पछिल्लो समय वीर अस्पतालमा करारमा रहेका स्वास्थ्यकर्मीलाई तलब खुवाउन नसकेको भन्दै हटाएर नयाँ करार सृजना गरी पुनः भर्ती शुरु गर्नुले उहाँलाई आम नागरिकको जनस्वास्थ्यको हित विपरीत बहकाउमा निर्णय नगर्न विज्ञहरुले सल्लाह-सुझाव दिएका छन्। उनीहरुका सल्लाह-सुझावलाई नलत्याइयोस्। नौ महिनाअघि बिमा बोर्डका अध्यक्षले राजीनामा दिएर स्वीकृत भएको पनि यत्तिका समय बित्दा अध्यक्ष नियुक्त गरी सेवाप्रवाह गर्नुको सट्टा कार्यकारी निर्देशकलाई निलम्बन गर्ने निर्णयमा पुग्नु अत्यन्तै दुःखद हो। सरकारले गर्ने यस्ता निर्णयले देश र नागरिकको कसरी हित हुन्छ ? सरकारले नागरिकले पाउने स्वास्थ्य सेवाको नैसर्गिक अधिकारको रक्षा गर्नेतर्फ ध्यान देओस्।

# जनकपुमा मृत भेटिएका युवकको मोबाइलको सामान्य विवादमा हत्या भएको खुलासा



• टक नेपाल

जनकपुरधाम। जनकपुरको धान खेतमा मृत भेटिएका युवकको हत्या लागूऔषध सेवान र मोबाइलको सामान्य विवादको कारण भएको खुलेको छ। धनुषाको जनकपुरधाम उपमहानगरपालिका २४ सोनापाड बस्ने फुलगेन महराका २४ वर्षीय छोरा रुपेश महराको साथीबाटै हत्या भएको खुलेको हो। हत्या अभियोगमा पक्राउ पर्नेमा जनकपुरधाम सोनापाडा बस्ने वर्ष २० का पवन सहनी र हरिचन मण्डल छन्। उनीहरुलाई जिल्ला पन्तको प्रहरी कार्यालय धनुषाले पत्रकार सम्मेलन गरि सार्वजनिक गरेको छ। गत बिहीबार बिहान जनकपुरधाम उपमहानगरपालिका २३ बेला स्थित धान खेतमा रुपेशको शव फेला परेको थियो। घटनास्थलको अनुसन्धान डग टोलीसहित परि चालन गरि गरिएको थियो। तीनैजना लागूऔषध सेवन गरेपछि मोबाइलको विषयमा भएको समान्य विवादको कारण बाँसको भाटा प्रहार गरि दुवै जना साथी मिलेर प्रहार गरि धान खेतमा फालेको धनुषाका प्रहरी उपरीक्षक विश्वराज खड्काले बताए। बाँसको भाटा प्रहार गरेर घाइते अवस्थामा छाडेर गएपछि रुपेशको मृत्यु भएको हुन सक्ने प्रारम्भिक अनुसन्धानबाट खुलेको उनले बताए। उजीहरु बुधबार टेम्पो चढ़ी जटही हुदै भारतको पारी बजारमा गई लागु औषध नाईट्राभेट ट्यावलेट खरिद गरी मिरिन्डा पे-पदार्थमा मिसाई सेवन गरेका थिए। पुनः जनकपुर आई सोही राति साढे ९ बजे जनकपुरधाम उप-महानगरपालिका वडा नं. २३ स्थित बाटोमा मोवाईल सेटको बिषयमा वाद-विवाद हुँदा हरिचन मण्डलले बासको गोलो भाटाले मृतक रुपेशको टाउको लगायत पिठ्युको भागमा प्रहार गरी फालेको प्रहरीले जनाएको छ। पवन सहनीले निज हरिचन मण्डललाई सहयोग गरेको खुलेको छ। दुबै जनामाथि कर्तव्य ज्यान मुद्दामा म्याद थप अनुसन्धान गरिरहेको एसपी खड्काले बताए।

# नेप्से परिसूचकमा गिरावट जारी



• टक नेपाल

काठमाडौँ। धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक दोहोरो अङ्कले ओरालो लागेको छ। नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक २८ दशमलब १८ अङ्कले ओरालो लागेर एक हजार आठ सय ७५ दशमलब ६५ मा सीमित भएको छ। यस्तै, ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक पाँच दशमलब १६ अङ्कले ओरालो लागेर तीन सय ६१ दशमलब ९४ मा सीमित भएको छ। कारोबार भएका १३ वटै उपसमूहको शेयर मूल्यमा गिरावट भएको छ। कूल २७ लाख १२ हजार एक सय २३ कित्ता शेयर रु ७४ करोड २९ लाख २५ हजार तीन सय ९२ मूल्यमा कारोबार भएको छ। कारोबारका आधारमा नेशनल हाइड्रोपावर कम्पनी शीर्ष स्थानमा छ। सो कम्पनीको रु चार करोड आठ लाख ५६ हजार तीन सय १५ मूल्यमा खरिदबिक्री भए। यस्तै, हाथवे इन्भेस्टमेन्ट नेपाल रु दुई करोड ४७ लाख २७ हजार, सिटिजन लाइफ इन्स्योरेन्स रु दुई करोड ३० लाख चार हजार एक सय ८३, नविल बैंक रु दुई करोड १७ लाख ३७ हजार छ सय ५२ र घोराही सिमेन्ट रु एक करोड ९९ लाख एक हजार चार सय ३४ मूल्यमा कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भएका छन्। नेप्सेका अनुसार माथिल्लो सोलु हाइड्रो आठ दशमलब ९९, सिवाइसी नेपाल लघुवित्त छ दशमलब ६०, घलैम्दी हाइड्रो पाँच दशमलब ७१, बीपीडब्ल्यू लघुवित्त पाँच दशमलब ६२ र सयपत्री हाइड्रोपावरका लगानीकर्ताले तीन दशमलब ६७ प्रतिशतले कमाएका छन्। यस्तै, सोनापुर मिनरल्स १०, नेशनल हाइड्रोपावर सात दशमलब ९२, एनआइबीएल प्रगति फण्ड पाँच दशमलब ५७, एनआइसी एशिया ग्रोथ फण्ड पाँच दशमलब ५३ र इन्वा हाइड्रोपावरका लगानीकर्ताले पाँच दशमलब ३३ प्रतिशतले गुमाएका छन्।


अब विश्वको कुनै कुनाबाट एक क्लिकमा हेर्नुस्
मधेश र देश विदेशको हरेक खबर
www.talknepaltv.com
बर्दिबास मिडिया ग्रप प्रा.लि.
बर्दिबास, महोत्तरी (मधेश प्रदेश)

अब बर्दिबसमै खुल्यो सुविधा सम्पन्न अस्पताल
साई मल्टिस्पेसियालिटी हस्पिटल एण्ड ट्रमा सेन्टर
बर्दिबास न.पा.-१, महोत्तरी (यातायात कार्यालयको सामुने)
हाम्रो सेवाहरु

- २४ सै घण्टा इमरजेन्सी सेवा
- २४ सै घण्टा मिडियो एक्स-रे सेवा
- २४ सै घण्टा ट्रमा (हाड जोर्नी तथा नसा रोग)
- २४ सै घण्टा बाल रोग विशेषज्ञ सेवा
- इण्डोस्कोपी कोलोनोस्कोपी सेवा
- हाड जोनी तथा नशा रोग सेवा
- कान, नाक, घाँटी, आँखा, मुख तथा दाँत रोग सेवा
- HDU, ICU, NICU सेवा
- २४ सै घण्टा डिलेभरी सेवा
- २४ सै घण्टा अपरेशन सेवा
- २४ सै घण्टा ल्याब, प्याथोलोजी सेवा
- छाती, मुटु तथा पेट रोग विशेषज्ञ
- पेट, आन्द्रा, लिभर एवं छाती रोग विशेषज्ञ

विशेषज्ञ डाक्टरद्धारा दैनिक OPD सेवा
9801673409, 9801673410, 9801673411, 9801673412, 9801673415

अमेरिकामा
बसोबास तथा रोजगारको
सुनौलो अवसर
EDV 2025
कान्तिपुर डिजिटल कलर ल्याब
& फोटो स्टुडियो
मेनरोड बर्दिबास-१, महोत्तरी
सम्पर्क नं.:- ०४४-५५०५९५/९८५४०२०५९५

## आवश्यक टेलिफोन नम्बरहरु

| | | | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल | १०० | IRDs समाज सहकारी अस्पताल | ५५०४०१ |
| जिल्ला प्रहरी कार्यालय जलेश्वर | ५२०१९९ | सिटि केयर हस्पीटल वर्दिवास | ५५०५२७ |
| ईलाका प्रहरी कार्यालय बर्दिबास | ५५०००६ | छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला ट्रा.प. कार्यालय | ५५००५५ | ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| नेपाल पत्रकार महासंघ, महोत्तरी | ५२०५१५ | बर्दिवास दुरसञ्चार | ५५०००० |
| शुभ स्वस्तिक हस्पिटल | ५५०२५५ | नेपाल रेल्वे जनकपुरधाम | ५२०२११ |
| बर्दिबास अस्पताल | ५५००९० | जनकपुर आँखा अस्पताल | ५२०३९७ |
| रेडक्रस एमबुलेन्स | ५२०१०० | प्रदेशिक अस्पताल जनकपुरधाम | ५२००३३ |
| वारुण यन्त्र (दमकल) | ५२००९७ | सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| नेपाल विद्युत वितरण केन्द्र, गौशाला | ५५६०८९ | एम्बुलेन्स (हिमालय युवा क्लव नक्टाझिज) | ०४१-६२०४९१, ९८०४८१५१२६ |
| जलेश्वर अस्पताल | ५२००७० | | |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ | एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ | एम्बुलेन्स (मारवाडी सेवा समिति) | ५२२७६२, ५२१७८४ |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ | एम्बुलेन्स (जानकी मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ | महाविर युवा कमिटी एम्बुलेन्स | २५९८० |

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | सोख, खानपान र साजसज्जामा खर्च गर्नुपर्ने समय छ। | तुला | प्रियजनसँगको भेटघाटले दिन रमाइलो रहनेछ। |
| बृष | खर्चको जोहो गर्न आफन्त र परिवारबाट टाढिनुपर्ला। | वृश्चिक | अवसर आए पनि बेसुरको निर्णयले समस्या निम्त्याउनेछ। |
| मिथुन | नयाँ अवसरका साथै आम्दानीका स्रोत फेला पर्नेछन्। | धनु | अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ। |
| कर्कट | आफ्ना कमजोरी बाहिर आउनाले समस्या पर्नेछ। | मकर | साझेदारीका समस्या सुल्झनाले दिगो योजनामा अघि बढ्दा फाइदा उठाउन सकिनेछ। |
| सिंह | तारिफयोग्य काम गर्दै प्रतिष्ठा आर्जन गर्ने समय छ। | कुम्भ | परिस्थितिवश विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ला। |
| कन्या | परिस्थितिको चक्रमा अलमलिनुपर्दा कार्यसम्पादनमा समय लाग्नेछ। | मीन | विभिन्न उपहार प्राप्त हुने समय छ। |

राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस्।

कला स्टोरी

# विदेश जाने योजना त्यागेर अभिनाश बने 'कलकतियावाली'



• रोहित महतो

जनकपुरधाम । नोचपुर टोलमा एक युवती सडकमा हिँड्दै गर्दा एक युवकले उनलाई यौन दुर्व्यवहारको प्रयास गरे । युवती बेस्सरी चिच्याइन् । आसपासका घरबाट मान्छेहरू आए र युवतीको कुरा सुनेर दुर्व्यवहार गर्ने युवकमाथि मुक्का बर्साए । त्यसपछि टोलवासीहरूले ती युवकलाई कानुनी कारबाही निम्ति प्रहरीको जिम्मा लगाइदिने कुरा गरे। त्यही क्रममा युवकले युवतीको छोटो लुगा देखेर जिस्क्याएको बताए। यस्तो जवाफ सुनेर टोलवासीले फेरि दुई-चार मुक्का हाने । यो घटना जनकपुरधाम उपमहानगरपालिका-२५ मा बनाइएको एउटा कृत्रिम टोलको हो, जहाँ समाजका समसामयिक घटनाहरू झल्काउने भिडिओ कार्यक्रम सुटिङ हुँदै छ। यही सुटिङका लागि उक्त टोलको नाम नोचपुर राखिएको हो। नोचापोखरी नजिकै रहेकाले टोलको नाम नै नोचपुर राखिएको निर्माण पक्षले जनाएको छ। मैथिली भाषाको यो भिडिओ कार्यक्रममा गायक अरूणकुमार यादवको लगानी छ भने एक दर्जन स्थानीय कलाकारहरूले काम गरेका छन् । अधिकांश कलाकार अतिविपन्न तथा पिछडिएको समुदायका छन् । तिनैमध्ये एक हुन् अभिनाश, जसले निर्वाह गर्ने महिलापात्र 'कलकतियावाली' यहाँ निकै चर्चित छ। अभिनाशको कला यात्रा गायनबाट सुरू भएको थियो। उनी गीत सिक्न गाउँबाट जनकपुर आएका थिए र मिथिला नाट्य कला परिषद (मिनाप) मा आबद्ध भएका थिए। उनले मिनापमा तीन महिना गायन सिके, तर निरन्तरता दिन सकेनन्। आर्थिक संकटले गायन अघि बढाउन नसकेको उनी बताउँछन्। 'क्यासेट बनाउन दुई-अढाई लाख रूपैयाँ चाहियो। त्यो मेरो हैसियतको कुरा थिएन,' उनले भने, 'तर गीत-संगीतको भूत उत्रिएको थिएन। त्यही देखेर मिनापका मान्छेले रेडियोतिर जाऊ भनेर सल्लाह दिए ।' अभिनाश २०६६ सालमा जनकपुरकै 'रेडियो टुडे' मा काम गर्न पुगे । त्यहाँ कलाकार बिएन पटेलसँग उनको भेट भयो। अभिनाशले 'मिथिला मन परैय' नामको रेडियो नाटकमा काम गर्ने अवसर पाए। सहकर्मीहरूलाई उनको आवाज र अभिनय राम्रो लाग्यो। उनले त्यसपछि 'स्टेज शो' हरूमा पनि काम पाए । लगातार आठ वर्ष 'रेडियो टुडे' मा काम गर्दा उनी कलाकारका रूपमा परिचित भइसकेका थिए । रेडियोमा अभिनयबाहेक अरू काम पनि गर्नुपर्थ्यो । पारिश्रमिक भने थोरै थियो। रेडियोले दिने पारिश्रमिकले जनकपुरमा बस्न र पढ्न पुग्थेन । अभिनाश अरू रेडियोमा पनि गए, तर दैनिक खर्च चल्ने गरी पारिश्रमिक पाउने छाँट देखेनन् । 'रेडियोमा आठ वर्ष काम गर्दा कहिल्यै घरमा पैसा दिन सकिनँ। एउटा साइकल किन्न पनि सकिनँ। पुरानो साइकल बिग्रिँदा मर्मत गराउने पैसा पनि हुँदैनथ्यो। त्यो अवस्थाले म कहिले काहीँ निराश हुन्थेँ,' उनले त्यो समय सम्झँदै भने, 'रेडियोबाट समयमा तलब पाइँदैथ्यो । स्टेज शोबाट पैसा पाउन पनि वर्षदिन कुर्नुपर्थ्यो।' उनको यस्तो अवस्थाले घरमा आमाबुबा चिन्ता गर्न थाले। अभिनाशलाई भने अर्को कुनै उपाय सुझेको थिएन । उनले विदेश जाने तयारी गरे। पासपोर्ट बनाएर एजेन्टलाई दिए। भिसा आएको थिएन। त्यसैबीच उनलाई गायक अरूणकुमार यादवको फोन आयो। अरूण सकेसम्म कलाकारहरूलाई आफैं अवसर दिन्छन्। उनले अभिनाशलाई पनि आफूले निर्माण गर्ने भिडिओ कार्यक्रमहरूमा काम गर्न आग्रह गरे। 'अहिले महिनाको १० हजार तलब दिन्छु, त्यसपछि कामअनुसार बढाउँदै जान्छु भने पछि म तयार भएँ,' उनले भने, 'मैले मौका आएको ठानेँ। त्यसमा भविष्य देखेँ। एक वर्ष प्रयास गर्छु भनेर घरमा समय मागेँ। एजेन्टलाई दिएको पासपोर्ट पनि फिर्ता लिएँ ।' अरूणले बनाउने भिडिओ कार्यक्रमहरू युट्युबमा प्रसारण गरिन्थ्यो। काम गर्दै जाँदा अभिनाशको रूचि बढ्दै गयो। पैसा पनि भयो । अभिनाशले कामबाट सन्तुष्ट भएर विदेश जाने योजना पूरै त्यागिदिए । 'अहिले म पनि खुसी छु, परिवार पनि खुसी छ,' उनले भने, 'हाम्रो समूहमा एक दर्जनभन्दा धेरै कलाकार छन् । हामी सबै एउटै परिवारजस्ता छौं।' अभिनाशले पहिलो भिडिओमा तेस्रो लिंगी पात्रको भूमिका निर्वाह गरेका थिए । त्यो भिडिओ दर्शकले खुब मन पराए। उनको चर्चा चुलियो । यही क्रममा 'गोदनावाली' नामको भिडिओ मा उनी महिलाको भूमिकामा देखिए । त्यसमा उनले पहिलोपटक साडी लगाए । अभिनाशले महिलाका रूपमा अभिनय गरेको त्यो भिडिओ तीन दिनमै युट्युबमा तीस लाखभन्दा बढीले हेरे । 'सुरूमा हामीले महिला कलाकारलाई नै गोदनावालीको भूमिकामा परीक्षण गरेका थियौं, तर त्यति जमेन,' उनले भने, 'म गीत पनि गाउँथे । मलाई गोदनाको गीत गाउन पनि आउँथ्यो। त्यसैले त्यो भूमिका मलाई जम्यो ।' यसरी महिला पात्रका रूपमा अभिनय गर्दै जाँदा अभिनाशले 'कलकतियावाली' को नयाँ परिचय पाए । दर्शकहरूले उनलाई महिला पात्रकै रूपमा बढी रूचाउन थाले । भिडिओका निर्माता तथा निर्देशक अरूण आफूले नौ लाख रूपैयाँ लगानीमा 'नोचपुर टोल' को सुटिङ सेट बनाएको बताउँछन् । उनले यसका लागि एक बिघा जग्गा भाडामा लिएर गरिब बस्ती झल्कने छवटा घर बनाएका छन् । 'पहिले हामी सुटिङ गर्न सप्तरीसम्म जन्थ्यौं । स्रोतसाधन बढी चाहिन्थ्यो तर आम्दानी थोरै हुन्थ्यो। कहिलेकाहीँ खानपिनमा पनि समस्या हुन्थ्यो,' अरूणले आफ्नो अनुभव सुनाए, 'अर्काको घरमा सुटिङ गर्नुपर्दा आफूले भनेजस्तो कहिल्यै हुँदैन थियो ।' यही दुःखले जनकपुरधाममै सानो टोलसहितको सुटिङ स्टुडियो बनाएको उनी बताउँछन् । कलाकारहरूले एक बिघा जग्गामध्ये छ कट्ठामा धान रोपेका छन्। एउटा पोखरी खनेका छन् । अरू केही बाली लगाएका छन् । गाई पनि पालेका छन् । यो सुटिङ सेटमा लगभग हरेक दिनजसो कुनै न कुनै भिडिओ कार्यक्रमको सुटिङ चलिरहेको हुन्छ । एक महिनामा डेढ सय वटासम्म भिडिओ बनाएर युट्युबमा राख्ने गरेको अरूणले बताए । भारतको मुम्बईमा संगीत सिकेका अरूणले गीत मात्र गाएर घरव्यवहार नचल्ने भएपछि युट्युब च्यानल बनाएर भिडिओ निर्माण गर्न थालेका हुन्। उनले भिडिओ सिरियल (शृंखला) पनि बनाउन सुरू गरेका छन् । उनले 'ससुराल एक श्राप' र 'रिस्ता के जाल' नामका दुईवटा सिरियल बनाएका छन् का। अहिले तेस्रो सिरियल 'कजरी' को सुटिङ चल्दैछ । 'दुईवटा सिरियलबाट राम्रो प्रतिक्रिया आएपछि तेस्रो ल्याउन लागेका हौं,' उनले भने, 'भविष्यमा फिल्म बनाउने योजना पनि छ ।' अरूणको भिडिओ कार्यक्रमको थालनीबाट धनुषाका स्थानीय कलाकारहरूले राम्रो अवसर पाइरहेका छन्। अभिनाशजस्तै धनुषाधामकी अनिता सदाले पनि युट्युब भिडिओबाट चर्चा कमाइरहेकी छन् । 'घरबाट बाहिर निस्केर काम गर्ने महिलाहरूलाई अहिले पनि गाउँमा राम्रो मान्दैनन् । आमाबाबुमा छोरीको कमाइ खानु हुँदैन भन्ने धारणा छ । गाउँलेहरू मेरा आमाबुबालाई यही भनेर होच्याउँथे,' अनिताले भनिन्, 'मैले धैर्य राखेर काम गरेँ । साथीहरूले पनि सम्झाए । अहिले त समय फेरियो ।' पिछडिएको मुसहर समुदायकी अनिताले अभिनयमा राम्रो परिचय बनाएकी छन् । उनैलाई देखेर धनुषाधामकै मनीषा सदा पनि अभिनयमा आइन् । उनले पनि सडक नाटक र युट्युब भिडिओबाट स्थानीय स्तरमा राम्रो परिचय बनाएकी छन् । आफूले कला क्षेत्रमा केही नयाँ काम गर्ने प्रयास गरेको भए पनि सरकारी निकायबाट कुनै सहयोग नपाएको अरूणको गुनासो छ । 'हामीले अस्थायी स्टुडियो बनाएका छौं । स्रोतसाधनको अभावमा पनि काम गर्दै छौं,' उनले भने, 'सरकारले व्यवस्थित स्टुडियो बनाउन सहयोग गर्ने हो भने कलाकारहरूले रोजगारी पाउँछन्, सरकारलाई राजस्व प्राप्त हुन्छ ।' सरकारी निकायले मर्म बुझेर सहयोग गर्न चाहे स्वीकार गर्ने, नत्र आफ्नै प्रयासले अघि बढ्ने उनी बताउँछन् ।

## हेटौंडा-ढल्केबर-इनरुवा ४०० केभी....

हेटौंडा उपमहानगरपालिका वडाहरु १५, १६ तथा १७ स्थिति हटिया र सर्लाहीको लालबन्दी नगर पालिकाको जियाजोर क्षेत्रमा करिब ६ वर्षदेखि निर्माणमा अवरोध छ। हटिया क्षेत्रमा १४ वटा, हेटौडा-११ स्थित थानाभञ्याङमा २ वटा र जियाजोर क्षेत्रमा ८ वटा टावर निर्माणमा अवरोध छ । थानाभञ्याङमास सबस्टेसनमा लाइन छिराउन २ वटा टावर निर्माण गर्नु पर्ने छ । यसबाट ऐलानी जग्गामा बनेका ४६ वटाभन्दा बढी घर प्रभावित हुने छन् । स्थानीय अवरोध खुलाई निर्माणका लागि प्राधिकरणले गरिरहेको निरन्तरको प्रयास पनि सफल हुन सकिरहेको छैन । प्रसारण लाइन मकवानपुर, बारा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिराहा, सप्तरी, उदयपुर र सुनसरी गरी १० जिल्लामा पर्दछ । प्रसारण लाइनको मार्ग परिवर्तनको माग गर्दै निर्माणमा स्थानीयको अवरोध, सर्वोच्च अदालतको अन्तरिम आदेश, वन क्षेत्रको जग्गा प्रयोग तथा रुख कटान स्वीकृतिको प्रक्रियागत अल्झन, ठेकेदारको कमजोर कार्यसम्पादनलगायतका कारणले निर्माण प्रभावित भइरहेको छ । ३० महिनामा निर्माण सम्पन्न गर्ने २०६९ को माघमा ठेक्का सम्झौता भएको थियो । हेटौंडा-ढल्केबर-इनरुवा ४४० के भी प्रसारण लाइन विद्यमान १३२ केभी प्रसारण लाइन र पूर्व-पश्चिम राजमार्गको नजिक र प्रायः समानान्तर छ । प्रसारण लाइनको मार्गाधिकार क्षेत्र प्रसारण लाइनको केन्द्र विन्दुबाट दायाँ बायाँ २३/२३ मिटर हुने छ। आयोजनाले ५१८ हेक्टर वन क्षेत्रमा रहेका रुखहरु काट्नु पर्ने र ३० हेक्टर निजी कृषि योग्य जमिम अधिग्रहण गर्नु पर्ने छ। मार्गाधिकारमा ४७५ हेक्टर निजी जग्गा र १७१ वटा घर तथा अन्य संरचनाहरु प्रभावित हुने छन् । १७ करोड अमेरिकी डलर अनुमानित लागत रहेको आयोजना नेपाल सरकार, विद्युत प्राधिकरणको लगानी र विश्व बैकको सहुलियतपूर्ण ऋणमा नेपाल-भारत विद्युत प्रसारण तथा व्यापार परियोजना अन्तर्गत सुरु गरिएको हो । विश्व बैंकको ऋण बन्द भएपछि बाँकी काम नेपाल सरकार र प्राधिकरणको लगानीमा भइरहेको छ ।

## गुटेरेसको भ्रमणबाट नेपालको अन्तर्राष्ट्रिय ...

उक्त छलफल नेपालको शान्ति प्रक्रिया, जलवायु परिवर्तन, अल्पविकसित मुलुकबाट स्तरोन्नति र दिगो विकासलगायतका विषयमा केन्द्रित भएको प्रधानमन्त्री दाहालले बताउनुभयो। "निकै सौहार्दपूर्ण वातावरणमा दुईपक्षीय हितका र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय महत्त्वका विषयमा विश्वासका साथ हामीले छलफल गर्‍यौं । मुख्यरुपमा जलवायु परिवर्तनको विषयमा गम्भीररुपमा चर्चा भयो", प्रधानमन्त्री दाहालले भन्नुभयो, "नेपालमा जलवायु परिवर्तनका नकारात्मक असरको न्यूनीकरणका लागि अन्तर्राष्ट्रिय समुदायमा संयुक्त राष्ट्रसङ्घको महासचिवको हैसियतले उहाँले खल्नुभएको भूमिकाको उच्च प्रशंसा गर्‍यौं ।" जलवायु परिवर्तनका असर न्यूनीकरणका लागि आगामी दिनमा राष्ट्रसङ्घलगायत द्विपक्षीय तथा बहुपक्षीप अन्तर्राष्ट्रिय निकायबाट सहयोगको अपेक्षा गरेको प्रधानमन्त्री दाहालले बताउनुभयो । त्यस्तै, नेपालको शान्ति प्रक्रिया चाँडै टुङ्गिने विश्वास पनि प्रधानमन्त्री दाहालले व्यक्त गर्नुभयो । "अन्तिम चरणमा रहेको नेपालको शान्ति प्रक्रियालाई टुङ्ग्याउनका लागि अन्तर्राष्ट्रिय समुदाय र संयुक्त राष्ट्रसङ्घको महासचिवको हैसियतले उहाँको महत्त्वपूर्ण भूमिका रहने विश्वास हामीले लिएका छौँ", उहाँले भन्नुभयो । नेपालको आर्थिक विकास र समृद्धिका बारेमा पनि छलफल भएको प्रधानमन्त्री दाहालले बताउनुभयो । नेपाल अल्पविकसित मुलुकबाट स्तरोन्नति हुनेक्रममा रहेकाले यो प्रक्रिया सहज बनाउन तथा तोकिएको समयमा दिगो विकास लक्ष्य हासिल गर्नका लागि सहयोग गर्न पनि प्रधानमन्त्री दाहालले राष्ट्रसङ्घ महासचिव गुटेरेससँग आग्रह गर्नुभयो । "असाध्यै सकारात्मक छलफल भएको छ । यहाँको राजनीतिक उतारचढाव र शान्ति प्रक्रियाबारे उहाँलाई राम्रो थाहा छ । मौसम परिवर्तनका असरबारे पनि छलफल भयो", प्रधानमन्त्री दाहालले भन्नुभयो, "विश्व शान्ति निर्माणका लागि नेपालको शान्ति सेनाले खेलेको भूमिकाको पनि उहाँले मुक्तकण्ठले प्रशंसा गर्नुभयो । हामीले पनि हाम्रो योगदानको सम्मान होस् भन्ने विषय राख्यौं ।" राष्ट्रसङ्घका महासचिव गुटेरेसले आजै उपप्रधान तथा रक्षामन्त्री पूर्णबहादुर खड्का र परराष्ट्रमन्त्री एनपी साउँदसँग पनि औपचारिक भेटवार्ता गर्नुभएको थियो ।

# गुटेरेसको भ्रमणबाट नेपालको अन्तर्राष्ट्रिय सम्बन्ध थप मजबुद हुनेछ : प्रधानमन्त्री



• टक नेपाल

काठमाडौं। प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसको चारदिने औपचारिक भ्रमणबाट राष्ट्रसङ्घ र अन्तर्राष्ट्रिय समुदायसँग नेपालको सम्बन्ध थप मजबुद बनाउन सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभएको छ। महासचिव गुटेरेससँग प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा भएको औपचारिक भेटवार्तापछि सञ्चारकर्मीसँग प्रतिक्रिया दिनुहुँदै प्रधानमन्त्री दाहालले अन्तर्राष्ट्रिय क्षेत्रसँग सम्बन्ध विस्तार तथा सहजीकरण गर्न यो भ्रमणले महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुभयो ।

»» बाँकी पृष्ठ ३ मा

# 'ईसेवाको कर्मचारी हुँ' भन्दै ओटीपी कोड मागेर १५ लाख रकम चोरी, रौतहटका पाँच जना पक्राउ

• टक नेपाल



काठमाडौं । ईसेवाको कर्मचारी हुँ भन्दै विभिन्न व्यक्तिहरूबाट ओटीपी (वन टाइम पासवर्ड) मागेर रकम चोरी गर्ने पाँच जना पक्राउ परेका छन् । केवाईसी फर्म अपडेट गर्ने लगायत अन्य बहानामा ओटीपी मागेर रकम चोरी गरेको भन्दै प्रहरीले रौतहट गौर नगरपालिका वडा नम्बर ५ बस्ने २६ वर्षीय नवनित कुमार कुशवाहा, २१ वर्षीय कन्हैया कुमार कुशवाहा, २० वर्षीय अभयकुमार यादव, २१ वर्षीय रितेश कुशवाहा र गढिमाई नगरपालिका वडा नं ६ बस्ने १९ वर्षीय दिपेन्द्रकुमार यादवलाई पक्राउ गरेको हो । जिल्ला प्रहरी कार्यालय रौतहटसँगको समन्वयमा उनीहरूलाई पक्राउ गरिएको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले जनाएको छ ।प्रहरीको प्रारम्भिक अनुसन्धान अनुसार पक्राउ परेका पाँचै जनाले विभिन्न मोबाइल नम्बरबाट पीडितलाई फोन सम्पर्क गर्थे। अनि, म ईसेवाको आधिकारिक कर्मचारी हुँ भनेर प्रयोगकर्तालाई विश्वस्त बनाउँथे। त्यसपछि तपाईंको ईसेवा आईडी बैंक खातासँग लिङ्कअप तथा खाता नवीकरण, केवाईसी फर्म अपडेट, स्टेटमेन्ट भेरिफाई, सेक्युअर ट्रान्सफर चार्ज नलाग्ने बनाउने र ५० प्रतिशत क्याश रकम उपलब्ध गराउने आश्वासन दिन्थे । त्यसपछि प्रयोगकर्ताको अकाउन्टमा आएको ओटीपी कोड माग्थे, अनि आफ्नो डिभाइसमा लगइन गर्थे । त्यसपछि प्रयोगकर्ताको वालेट तथा लिङ्क भएको बैंक अकाउन्टबाट रकम आफ्नोमा ट्रान्सफर गर्थे । यसरी विभिन्न १८ जना व्यक्तिबाट १५ लाख २० हजार ९०१ रुपैयाँ ठगी भएपछि पीडितले प्रहरी कार्यालयमा उजुरी दिएका थिए। उजुरीका आधारमा अनुसन्धान गर्दै जाँदा रौतहटका विभिन्न ठाउँबाट पाँच जना पक्राउ परेको प्रहरीले जनाएको छ । पक्राउ परेका पाँचै जनामाथि ठगी सम्बन्धी कसूरमा थप अनुसन्धानका लागि जिल्ला प्रहरी परिसर टेकु काठमाडौं पठाइएको छ ।

# हेटौंडा-ढल्केबर-इनरुवा ४०० केभी प्रसारण लाइनको तार तान्ने काम धमाधम

• टक नेपाल



काठमाडौं । देशभित्रको विद्युत प्रसारण प्रणाली सुदृढीकरण र नेपाल-भारतबीचको विद्युत् व्यापारका लागि निर्माणाधीन हेटौंडा-ढल्केबर-इनरुवा ४०० केभी डबल सर्किट प्रसारण लाइन आयोजनाको तार तान्ने काम धमाधम भइरहेको छ । मकवानपुरको हेटौंडा उपमहानगरपालिका-११ स्थित थानाभ्याङबाट सुरु भई धनुषाको ढल्केबर हुँदै सुनसरीको भोक्राहा नरसिंह गाउँपालिका-४ स्थित इनरुवा सबस्टेसम्मको प्रसारण लाइनको लम्बाइ २ सय ८८ किलोमिटर छ । प्रसारण लाइनलाई हेटौंडा-ढल्केबर १३४ किलो मिटर र ढल्केबर-इनरुवा १५४ किलोमिटरलाई दुई खण्डमा विभाजन गरी निर्माण भइरहेको छ । हेटौंडा-ढल्केबर खण्डतर्फ ४ किलोमिटर र ढल्केबर-इनरुवा खण्डतर्फ ४० गरी ४४ किलोमिटर तार तानिएको छ । तार तान्न हाल ढल्केबर-इनरुवा खण्डतर्फ केन्द्रीत गरिएको छ। पहाडी, शिवालिक चुरे र तराई क्षेत्रमा पर्ने प्रसारण लाइनका लागि ७ सय ९२ वटा टावर निर्माण गर्नु पर्छ। यसमध्ये ७ सय ५७ वटा टावरको जग हालिएको छ । ७ सय ५० वटा टावर खडा गरिएको छ । स्थानीयले प्रसारण लाइनको रुट सार्न माग गर्दै जारी राखेको अवरोधका कारण बाँकी ३५ वटा टावरको काम नै सुरु हुन सकेको छ । प्रसारण लाइनको मार्गाधिकारमा पर्ने स्थानीयले ठाउँ ठाउँमा अवरोध गर्दा तार तान्ने कामसमेत प्रभावित छ । ढल्केबर-इनरुवा खण्डमा अहिले तार तान्ने काम भइरहेको छ। यसका लागि पाँच वटा टोली परिचालन गरिएको छ। उक्त काम आगामी पुसभित्र सम्पन्न गर्ने लक्ष्य राखिएको छ। यस वर्षको हिउँदका केही महिना मोरङ-सुनसारी औद्योगिक करिडोरलगायत समग्र पूर्वको विद्युत् माग धान्नका लागि भारतबाट थप विद्युत् आयात र वर्षायाममा देशभित्र खपत गरी बचत भएको विद्युत् निर्यात गर्न यो प्रसारण लाइन जतिसक्दो छिट्टो सम्पन्न गर्नु पर्ने दवावमा नेपाल विद्युत प्राधिकरण रहेको छ। प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङको टोलीले बिहीबार सुनसरीको रामधुनी नगरपालिका क्षेत्रमा भइरहेको तार तान्ने कामको अनुगमन गरेको छ । टोलीमा अवरोधका कारण प्रसारण लाइन निर्माण गर्न नसकिएमा मोरङ-सुनसरी औद्योगिक करिडोरमा आउनसक्ने सम्भावित विद्युत् आपूर्तिको समस्या अवगत गराउन र भइरहेका कामबारे जानकारी दिन उद्योग संगठन मोरङका अध्यक्ष राकेश सुरानालाईसमेत सहभागी गराइएको थियो । कार्यकारी निर्देशक घिसिङले रणनीतिक महत्वका हेटौंडा-ढल्केबर-इनरुवा प्रसारण लाइन सम्पन्न गर्न राज्यको सम्पूर्ण संयन्त्रले सहयोग नगर्ने हो भने ठूलो विपत् आउनसक्ने बताए। 'प्रसारण लाइन निर्माणमा ठाउँ ठाउँमा अवरोध छ, अहिले पाँच टोलीले तार तान्ने काम गरिरहेको छ, थप टोली थपेर कामलाई तिब्रता दिन स्थानीयको अवरोधले समस्या छ, खुलाउनका लागि भइरहेका प्रयास असफल बनिरहेका छन्', घिसिङले भने, '४०० केभी लाइन अति नै जरुरी छ, ४००/२२० केभी क्षमताका तीन वटै सबस्टेसन तयार छन्, यो लाइन बनाउन सकेनौं भने पूर्व क्षेत्रको विद्युत् माग धान्न थप आपूर्ति कठिन छ भने देशभित्र खपत गरी बचत भएको विद्युत् भारतर्फ निर्यात गर्न सक्दैनौं जसले गर्दा विद्युत् खेर फाल्नु पर्ने वाध्यात्मक अवस्था आउन सक्छ ।' उनले यस्तो अवस्था आउन नदिन स्थानीय तह, प्रशासन, सुरक्षा निकाय, स्थानीय बासिन्दासहित सबैको सहयोग आवश्यक रहेको उल्लेख गरे ।

»» बाँकी पृष्ठ ३ मा










बर्दिबास मिडिया प्रा.लि. द्वारा प्रकाशित, अध्यक्ष : अन्जीत कुमार चौधरी, सम्पादक : रंजुकुमारी साह, सल्लाहकार सम्पादक : ईश्वरी काफ्ले, प्रवन्धक : बिनोद ढुंगेल, साजसज्जा : बिबेक कुमार महतो
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com